# जिरीका जिरेलहरू : उद्भव र स्थिति

डा. ज्योति उपाध्याय
इतिहोस केन्द्रीय विभाग
jupadhyaya25@gmail.com

**Doi: 10.3126/voh.v33i1.87291**

**सारसङ्क्षेप**

*दोलखा जिल्लाका जिरेलहरूको उद्भव सम्बन्धमा खोजी गर्ने उद्देश्य रहेको प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा व्याख्यात्मक शैली अपनाएर तयार पारिएको छ । वोन परम्परा मान्ने जिरेलहरू खेतीपाती, मजदुरीमा आधारित आर्थिक जीवनशैली छोडेर विस्तारै नोकरीतर्फ आकर्षित हुन थालेको पाइन्छ । आधुनिकताको प्रभाव, शैक्षिक विस्तार, पर्यटन र सामाजिक रूपान्तरणले गर्दा आफ्नो जातीय उद्भवलाई ऐतिहासिक घटनाक्रमसँग जोड्ने प्रवृत्ति जिरेलहरूमा बढ्दै गएको छ । दोलखा जिल्लाको जिरीका जिरेलहरू किराती सम्प्रदायका रहेको तथ्य खुलाएर उनीहरूको उद्भव प्रस्ट्याउने क्रममा पुस्तकालय अध्ययन, पत्रपत्रिका अध्ययन, जिरेल लेखक तथा प्राज्ञहरूका सिर्जना, धारणा सङ्कलन, विश्लेषण गरिएको छ । जिरेलहरूको परम्परागत जीवनशैली, आपसी सम्बन्ध आदिका माध्यमबाट गरिएको अध्ययन यस जिरेल जातिको पहिचान केवल भूगोलसँग मात्र नभएर सांस्कृतिक र ऐतिहासिक रूपमा पनि विशिष्ट रहेको पाइएको छ ।*

**शब्दकुञ्जि** : *ऐतिहासिक पक्ष, जिरेल जाति, तिब्बती बौद्ध परम्परा, वोन परम्परा, जिरी*

**परिचय**

नेपाल एसिया महादेशको दक्षिणी भागमा अवस्थित भारत र चीनको बिचमा रहेको सानो देश हो । प्राचीनकालदेखि नै भौगोलिक विविधता जस्तै नेपाल जातीय विविधता भएको देशका रुपमा रहँदै आएको छ । यहाँको समाज निर्माणमा तीर्थयात्री, व्यापारी, शरणर्थी, घुमन्ते आदिको महत्वपूर्ण भूमिका रहेको छ । नेपालको भौगोलिक तथा प्राकृतिक अवस्थाका कारण यो एक सुरक्षित भूमिका रुपमा रहँदै आएको छ (गौतम, २०७६) । यही सुरक्षीत भूमि भएका कारण विभिन्न स्थानबाट आएका मानिसहरु नेपालका उत्तरी हिमाली क्षेत्रदेखि दक्षिण तराईका फाँटसम्म मानिसको बसोबास रहँदै आएको छ । त्यसमा पनि फरक फरक स्थानमा बसोबास गर्ने मनिसहरुको जातीय स्वरुप र सामाजिक सांस्कृतिक अवस्थामा विविधता र मौलिकता रहँदै आएको छ (शर्मा, सन् १९७३) । त्यस्ता मौलिक सामाजिक, सांस्कृतिक स्वरुप भएका मानिसहरुमध्ये दोलखा जिल्लाको जिरी क्षेत्रमा बसोबास गर्दै आएका जिरेल जातिका मानिसहरु पनि एक हुन् ।

समयक्रमसँगै उत्तर एवं दक्षिणबाट आउने घुमन्ते, व्यापारी, तीर्थयात्री, शरणार्थी आदिको स्थायी बासस्थान बन्दै आएको नेपालमा विभिन्न जातजातिहरू पाइन्छन् (गौतम, २०७६) । नागहरूद्वारा बस्ती विकास सुरु गरी सामाजिक जीवनयापन थालेको नेपालमा विभिन्न जातजातिहरू बस्ने विकसित हुने गर्दै एउटा मिश्रित सभ्यता स्थल बनाएका हुन्

(उपाध्याय, २०५५) । जसले गर्दा नेपाली समाज विविधताको केन्द्र बन्दै आएको हो । त्यस्ता जातजातिका मानिसहरूमध्ये जिरेल जातिका मानिसहरू पनि एक हुन् । जिरेल आफ्नै मौलिक सामाजिक सांस्कृतिक स्वारुप बोकेको जाति हो । यो जाति दोलखा जिल्लाको जिरी नगरपालिकाका विभिन्न ठाउँमा छरिएर रहेका छन् । नेपाल सरकारले यो जातिलाई सीमान्तकृत जातिमा सूचिकृत गरेको छ । यो जिरेल जातिको आफ्नै जिरेल भाषा र आफ्नै सामाजिक संस्कार र जीवन पद्धतिहरु रहेका छन् । जिरेल जातिका केही संस्कारहरु सुनुवारसँग र केही सेर्पा समुदायसँग मिल्दाजुल्दा छन् । यस जातिभित्र ११/१२ वटा थरहरु छन् । यिनीहरुमा आफ्नै थरसँग विवाह गर्ने प्रचलन छैन । यस जातिका करिव ८५ प्रतिशत मानिसहरु अझैपनि जिरेल भाषा नै बोल्ने गर्दै आएका छन् (बुढा थापा र जिरेल, २०७८०) ।

जिरीमा बसोबास गर्ने जिरेलहरुको शारीरिक बनावट नेपालका विभिन्न स्थानमा बसोबास गर्ने मगर, गुरुङ, तामाङ, सेर्पा, सुनुवार आदि जातिका मानिसहरुसँग मिल्दोजुल्दो रहेको छ। त्यसैगरी जिरेल जातिका मानिसहरुको संस्कार तथा संस्कृतिहरु पनि ती जातिहरुसँग मिल्दा जुल्दा रहेको पाइन्छ । यस जतिको नाम जिरेल जिरीमा बसोबास गर्दै आएका कारण भएको पाइन्छ। जिरी भन्ने शब्द 'जी' र 'री' गरी दुईवटा शब्दबाट बनेको हो जसमध्ये जीको अर्थ ठूलो, डरलाग्दो वा भयानक भन्ने हुन्छ भने रीको अर्थ जङ्गल भन्ने हुन्छ । यसरी हेर्दा जिरी शब्दको अर्थ भयानक जङ्गल भएको क्षेत्र भन्ने भयो । त्यसैगरी जिरेल शब्दको अर्थ जिरी क्षेत्रमा बसोबास गर्ने मानिस भन्ने हुन्छ। जिरेल जातिका मानिसहरुले आफूलाई विशाल जङ्लको समिपमा बसोबास गर्ने वीरु किराँत जातिका सन्तान भएको दावी गर्दै आएका छन् (टेकबहादु जिरेल, अन्तरवार्ता २०८१ फाल्गुण १९) । जिरेल जातिका मानिसहरुले आदिम कालदेखि नै आफूहरु त्यही क्षेत्रमा बसोबास गर्दै आएको दावी गर्दछन् । जिरेल जातिका मानिसहरु वर्तमान समयमा हिन्दू र बौद्ध दुवै धर्म मान्ने गर्दछन् । यस जातिका मासिनहरु समुदायमा बासोबास गर्ने, जनजाति तथा आदिवासीमा पर्ने भएकाले केही समय अगाडिसम्म आफ्नो मूल बस्ती छोडेर कतै पनि जाँदैनथे तर वर्तमान समयमा भने कामको खोजिमा विभिन्न स्थानमा जाने र बसाइ समेत सर्ने गरेको पाइन्छ । परम्परागत रुपमा जिरेल जातिका मानिसहरुको पेशा कृषि तथा पशुपालन भए पनि वर्तमान समयमा भने उनीहरुले अन्य विभिन्न पेशाका साथै वैदेशीक रोजगारीमा समेत आकर्षित हुँदै आएका छन् ।

**अध्ययन विधि र सामग्रीहरू**

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ। यसमा नेपालको दोलखा जिल्लाको जिरी क्षेत्रमा बसोबास गर्ने जिरेल जातिका मानिसहरुको उद्भव, स्थिति, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक पक्षको व्याख्यात्मक रुपमा उल्लेख गरिएको छ। यस लेखमा प्राथमिक र सहायक स्रोतको प्रयोग गरिएको छ। यसले समुदायका मानिसहरुको जीवन अनुभव, परम्परा र सांस्कृतिक पहिचान बुझ्न सहयोग पुगेको छ । प्राथमिक स्रोत सङ्कलन गर्ने क्रममा जिरी क्षेत्रमा बसोबास गर्ने जिरेल समुदायका पाँचजना व्यक्तिहरुलाई उद्देश्यमुलक छनोट विधिका आधारमा चयन गरिएको छ । सहभागिमा विभिन्न लिङ्ग, पेसा र सामाजिक भूमिकामा रहेका व्यवक्तिहरुलाई समावेश गरिएको छ जसले समुदायका विविध पक्षहरु उजागर गर्न सहज बनाएको छ। स्रोत सङ्कलनका लागि अर्ध-संरचित अन्तवार्ताका माध्यमबाट

समुदायमा कायम रहेका स्थानीय मौखिक इतिहास आदि बुझ्ने कार्य गरिएको छ । सङ्कलित तथ्याङ्कलाई विषयगत विश्लेषण विधिबाट वर्गीकरण गरी अध्ययन गरिएको छ । यस क्रममा जिरेल समुदायको सामाजिक संरचना, सांस्कृतिक अभ्यास, परम्परागत पेसा तथा आधुनिक समयमा भोग्नु परेका चुनौतिहरुलाई मुख्य विषयका रुपमा उठाइएको छ । त्यसैगरी सहायक स्रोतअन्तर्गत पुस्तकालयीय विधिका आधारमा तथा अनलाईनबाट समेत तथ्यहरु सङ्कलन गरी उपयोग गरिएको छ ।

**विश्लेषण एवं प्राप्ति**

**जिरीको भौगोलिक अवस्था**

नेपाल हिमाल, पहाड र तराईको मैदानी भूभागले बनेको देश हो । वाग्मती प्रदेशको जनकपुर अञ्चलको पूर्वी क्षेत्रमा पर्ने दोलखा जिल्लाको पनि पूर्वी भेगमा जिरी नगरपालिका पर्दछ । यो क्षेत्र प्राकृतिक ऐतिहासिक सुन्दरता बोकेको सांस्कृतिक विविधताको सङ्गम स्थल पनि हो । यस नगरपालिका प्राचीन कालदेखि नै पर्यटकीय बाहुल्यता भएको स्थल हो । त्यसमा पनि विशेष गरी सर्वोच्च शिखर सगरमाथाको आधार शिविर यात्राको र प्रवेशद्वारको रूपमा चिनिएको क्षेत्र हो । यस नगरपालिकाको भौगोलिक बनावट, हावापानी, वन जङ्गल र जैविक विविधता विशेष किसिमको छ (श्री ५ को सरकार, २०११) । यस क्षेत्रमा जिरेलहरू जिरी र सिक्रीका भिन्न स्थानमा छरिएर बसेका छन् ।

भौगोलिक रूपमा युरोपको स्वीजरल्याण्डसँग जोडेर हेर्ने गरिएको सानो क्षेत्रफल ओगटेको जिरीमा क्षेत्री, ब्राह्मण, शेर्पा र जिरेल जीस्ता जातिहरूको बसोबास रहेको छ । वर्तमान समयमा जिरी नगरपालिका प्रदेश नं. ३ अन्तर्गत दोलखा जिल्लाको साविकको श्यामा गा.वि.स. र जिरी गा.वि.स.का क्षेत्रहरू मिलाएर जिरी नगरपालिका बनाइएको छ । सामुन्द्रिक सतहबाट यो क्षेत्रको उचाइ १६४९ मी. देखि ५३४१ सम्मको उचाइमा रहेको छ । त्यसैले समय समयमा यहाँ हिमपात पनि हुने गर्दछ । जिरी नगरपालिकाले २११.२५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । यस नगरपालिकाको पूर्वमा रामेछाप जिल्ला पश्चिममा वैतेश्वर गाउँपालिका र गौरिशङ्कर गाउँपालिका रहेका छन् भने उत्तरतर्फ गौरिशंकर गाउँपालिका र रामेछाप जिल्ला रहेका छन् (टेकबहादुर जिरेल, अन्तरवार्ता, २०८१ फाल्गुण १९) ।

जिरी काठमाडौंबाट १९० कि.मी. को दुरिमा रहेको जिरी खोला र सिक्री खोलाको दोभानबाट पहाडमाथि उठ्दै आएको छ । त्यहाँको भू-भागलाई मानेडाँडा (हाटबजार) भनिन्छ । मानेडाँडा उत्तरतर्फ अग्लिँदै जाँदा माथि बुलडाँडा पुग्दछ । बुलडाँडा अझैमाथि पूर्व उत्तरमा चेरदुङ (३६८८ मी.) अग्लो चुचुरो र त्यसको पश्चिम उत्तरमा हनुमन्ते पहाड (३०५० मी.) अग्लो स्थानमा रहेको छ । यी दुई पहाडको दक्षिण तर्फको क्षितिजमा तामेडाँडो (जुन रामेछापमा) पर्दछ ( सुमन कृष्ण जिरेल, अन्तरवार्ता, २०८१ फाल्गुण १९) । जिरी नगरपालिका भित्र दुईवटा खोला जिरी खोला र सिक्री खोलाहरूले तिनको आसपासमा साना साना समथर भूभागहरू बनाएको छ । जसलाई जिरी र सिक्रीका उपत्यका भन्न सकिन्छ । यी पहाडदेखि खोलासम्मका सेरोफेरो तलदेखि माथिसम्म विभिन्न नाम गरेका गाउँहरू छन् । तिनमा जिरी तर्फ टसिता, कोट, तल्लोकोट भण्डार, ढुङ्गे बजार, यार्सा, नाबोक, बोल्दे, रातमाटे, मालिगाउँ, चित्रे, रेन्जे, सिजेल, घुन्सा, बासा, टेक्पा आदि पर्दछन् भने सिक्रीतर्फ तल्लो सिक्री, माथिल्लो सिक्री, सुनट्याक, कालढुङ्गा, ठुकडाँडा आदि क्षेत्रहरूमा

जिरेलहरूको बसोबास बाक्लो रहेको पाइन्छ (खेमराज उपाध्याय, अन्तर्वार्ता, २०८१, फाल्गुण २९) । यसका अलावा जिरी नगरपालिका भन्दा बाहेक अन्य क्षेत्रहरू गौरिशंकर गाउपालिकाको वाडा नं. १, २ र ३ बैतेश्वर गाउपालिकाको ८ र ५ वडा, सिन्धुपाल्चोक बाह्रविसे नगरपालिकाको वडा नं. २ र त्रिपुरासुन्दरी नगरपालिका १ र २ वडामा जिरेलहरूको बसोबास बाक्लो छ (टेकबहादुर जिरेल, अन्तर्वार्ता, २०८१) । वर्तमान समयसम्म आइपुग्दा बसाइँसराइको क्रम बढ्नु, उच्च शिक्षाको अवसर खोज्दै हिँड्नु जस्ता कुराहरूले गर्दा जिरीमा जिरेलहरुको सङ्ख्या घट्ने र देशविदेशका विभिन्न स्थानमा सबोबास गर्न पुगेको पाइन्छ ।

विश्वका विभिन्न मुलुकहरूमा आदिवासी जनजातिको बसोबास पाइन्छ । विश्वमा करिब ५० करोड भन्दा माथि जनजातिहरूको बसोबास रहेको छ भनिएको छ (नेपाल कानुन आयोग, २०५८) । विश्वभरिमा जनजातिका उपसमूहहरूको सङ्ख्या पाँच हजारभन्दा बढी रहेको पाइन्छ । दोलखा जिल्लाको सुरीखोला आसपास बसोबास गर्ने र भण्डै लोप हुने स्थितिमा पुगेर जम्मा २२७ जना मात्र रहेका सुरेलहरू पनि जिरेलहरू जस्तै प्राचीन किराती परिवारका मानिन्छन् । एउटै वंशका पाँच भाइहरूबाट सुनुवार, राई, लिम्बु, हायु र सुरेल जाति विकास भएको मानिन्छ (श्रेष्ठ, २०६७) । अर्कोतर्फ हायु र जिरेल दुई भाइका सन्तान हुन् भन्ने गरिएको पनि पाइन्छ (पौडेल, २०४४) । यी सबैलाई जनजाति मान्नेहरूले आआफ्ना तर्कहरू दिएर परिभाषित गर्दछन् । जिरेल बारे धेरै सोधखोज नभएको अवस्थामा जिरेलहरू जनजाति भित्र पर्ने एक समूह मानिएका छन् । जिरेलहरू पनि नेपालको जातीय इतिहास बोकेको पौराणिक जाति हुन् । यिनीहरूको आफ्नै छुट्टै भाषा, वेषभूषा, रीतिरिवाज र संस्कृतिहरू छन् । नेपाल सरकारले जिरेल जातिलाई एक सीमान्तकृत जातिमा सूचिकृत गरेको छ । यो जातिको संस्कृति केही सुनुवार र केही शेर्पा जातिसँग मिल्दोजुल्दो भए पनि सबै कुराहरू भने मिल्दैन । जिरेलहरूको भाषा, संस्कार, चाडपर्व, परम्परा, रहनसहन फरक किसिमको पाइन्छ (आदिवासी जनजाति ऐन, २०५८) । त्यसैले जिरेलहरूलाई जनजाति भित्र राख्न सकिन्छ । सरकारले जनजाति भित्र जिरेल जातिलाई पनि सूचिकृत गरेको छ । सन् १९९१ को जनगणनाअनुसार तत्कालीन जिरी गा.वि.स. मा कुल जनसङ्ख्या ७१३८ रहेका मध्ये जिरेलको सङ्ख्या ३०३७ थियो (सुवेदी र अन्य, जनवरी २०००) । तर वि.सं.२०७८ को जनगणनानुसार जिरेलहरूको कुल जनसङ्ख्या ६०३१ रहेको छ । यो सङ्ख्यालाई प्रतिशतमा ०.०२% भएको पाइन्छ (नेपाल सरकार, २०७८) । यसका आधारमा जिरेज जातिका मानिसहरूको सङ्ख्या निकै कम रहेको पुष्टि हुन्छ ।

वर्तमान समयमा पुरानो जिरी गा.वि.स.नगरपालिकामा परिणत भएको छ । जनजाति भनिएका जिरेलहरू सोझा, छलकपट नभएका सरल स्वभावका इमान्दार एवं मिलनसार हुन्छन् । जिरेलहरूको आफ्नो भाषा, संस्कृति र पहिचान छ त्यसले गर्दा नै जिरेलहरू अन्य जातजाति भन्दा फरक स्वभावका छन् । हिन्दु जातजातिहरूका तुलनामा जिरेल महिलाहरू स्वतन्त्र भएको पाइन्छ । हिन्दुहरूले यिनीहरूलाई मतवाली भन्दछन् । जिरेलहरूको शारीरिक बनावट मझौला कदका, गहुँगोरो, चिम्से आँखा भएको पाइन्छ । जिरी हिमाली पहाडी भेगमा पर्ने हुनाले यहाँ धानको उत्पादन न्युन मात्रामा हुन्छ । त्यसैले जिरेलहरूको कृषि उत्पादनमा गहुँ, कोदो, मकै, फापर, आलु प्रमुख बालीहरू हुन् । जिरेलहरूले गाई, भैंसी, भेडा, बाख्रा र सुँगुर पनि पाल्दछन् । लवाइमा पुरुषहरूले दौरा, सुरुवाल, लुकुनी, भेडाको ऊनबाट बनेको स्टकोट,

पटुकी, कोट, टोपी आदि लगाउँदछन् (कुमार जिरेल, अन्तर्वार्ता, २०८१/१०/२१) । जिरेल महिलाहरू चोलो, फरिया, पटुका, पछ्यौरी लगाउँदछन् । गहनामा चाँदीका आठानी, चारआनी, चाँदीको बाला, कानमा कुण्डल, नाकमा फुली, कानमा ढुङ्ग्री आदि गहनाहरू लगाउँदछन् । वर्तमान समयमसम्म आइपुग्दा लवाइ-खवाइ बसाइमा आधुनिकता भित्रिएको पाइन्छ

जिरेल जातिका सम्बन्धमा मानवशास्त्री, समाजशास्त्री तथा सामाजिक अभियन्ताका साथै तिनीहरूसँग सम्बन्धित मानिसहरूले जनजातिका बारेमा एकमत र एउटै परिभाषा भने रहेको पाइँदैन । 'जनजाति' भनेको समान नाम धारण गर्ने परिवारको एक सङ्कलन हो जुन समान भाषा बोल्दछन्, एउटै भूखण्डमा अधिकार गर्ने दावा गर्दछन् वा दखल राखेका हुन्छन् र साधारण तथा अन्तर्विवाही हुन्छन् । उनीहरू मूल रूपमा जस्ता थिए त्यस्तै रहन चाहन्छन् भनी उल्लेख गरिएको पाइन्छ (काफ्ले, सन् २०२३) यो परिभाषाले समान भाषा बोल्ने, समान अधिकार राख्ने आफ्नो पुरानो परम्परा कायम राख्ने र एक स्थानमा परम्परादेखि रहिआएका मानव समुदाय नै हुन्, जुन उनीहरू परिवर्तन गर्न चाहँदैनन् भने त्यो समुदायलाई जनजाति भएको बुझ्न सकिन्छ । यसै गरी आदिम कालदेखि आफ्नै आचरणमा बसेको एउटा समूह हो जुन समूहले एक मुखियाको सत्तालाई स्वीकार गरी बसेका हुन्छन् उनीहरू मुखियालाई आफ्नो पूर्वज मान्दछन् भन्ने उनीहरुलाई जनजाति भनिन्छ । संयुक्त राष्ट्र संघको परिभाषा अनुसार जनजाति भन्नाले त्यस ठाउँको आदिवासी रैथाने हो, जहाँ उसले आफ्नो मेहनत पसिना बगाएको हुन्छ (लिन्टन, सन् १९३६) । आफू बसेको ठाउँको लेकबेसी, वनजङ्गल, खोलानाला आफू अनुकूल बनाएको हुन्छ । उनीहरूले त्यहाँको वनसम्पदा, खानी, माटो, ढुङ्गा आफ्नो अनुकूल बनाएर उपभोग गरेका हुन्छन् । त्यो समाज सदियौँदेखि त्यही प्रकृतिमा जन्मिएर रमाएको हुन्छ । जसले त्यो भूमिको आवाद गरेको हुन्छ भने त्यस किसिमको समूहलाई जनजाति भनिन्छ । यसरी यी परिभाषाहरूलाई हेर्दा जिरेल जातिहरूको पनि यी परिभाषाहरूसँग मिल्दाजुल्दा लक्षणहरू देखा पर्दछन् र जिरेलहरूलाई पनि जनजातिहरू हुन् भन्न सकिन्छ । जिरेलहरूले जिरीलाई आफ्नो क्षेत्र मानेर त्यहाँको वनजङ्गल, खोला, खानीको उपभोग गरी बसेका छन् त्यस अर्थमा जिरेल जातिका मानिसहरु पनि जनजाति अन्तर्ग रहेको प्रष्ट हुन्छ ।

जिरेलहरू जिरीमा कसरी बसोबास गर्न आए भन्ने सन्दर्भमा खोजी गर्दा जिरेलहरूलाई नै यही हो भन्ने थाहा छैन । जिरेलका पुर्खाहरूबाट त्यस्तो खालको लिखित वा मौखिक स्रोतहरू पाइएको छैन । बुढापाका जिरेलहरू हामीहरू किरातीहरू हौं भन्दछन् तर किरात हुन भन्ने एकिन प्रमाणहरू पाइँदैन । इतिहासको कालखण्डमा भोट-बर्मेली परिवारका जातिहरू नेपालमा प्रवेश गरेर यहाँका मूल बासिन्दा कोलहरूसँग सम्बन्ध स्थापित गरी तिनकै रक्तमा विलय भएका हुन् (सुवेदी, २०५६) । यो कुरालाई हेर्दा नेपालका मङ्गोल किराती जातिहरूमा सामाजिक जीवनदेखि धार्मिक र सांस्कृतिक चालचलनहरूमा कोल जातिको प्रभाव देखिन आउँदछ । नेपालका किरातहरू भनिने यी मङ्गोल जातिहरू जस्तै राई, लिम्बु, सुनुवार, धिमाल, थामी, चेपाङ, कुसुण्डा, राउटे, दनुवार, हायु, जिरेल जनजातिमा बोलिने भाषामा कोल भाषाको प्रभाव परेको देखिन्छ (डबराल, २०२५) । यसरी कोल भाषा र जिरेलका भाषाका केही शब्दहरू मिल्न आउनाले यिनीहरूको सम्बन्ध कोलहरूसँग रहेको देखिन्छ । वैदिक कालमा पनि अन्तरजातीय सम्बन्ध स्थापित भएका धेरै उदाहरणहरू पाइन्छन् । त्यसैले कुनै पनि जातिमा जातीय शुद्धता रहेको पाउन सकिदैन । हिमालय खण्डमा बसोबास गर्ने जातिहरू

किरातीहरू वैदिक कालभन्दा अगाडिदेखि बस्दै आएका हुन् (शर्मा, २०२२) । केही विद्वान्हरूले किरातको मूल थलो तिब्बतलाई मानेका छन् (पोखरेल, २०५५) । उनीहरूको भनाइलाई हेर्दा तिब्बत र नेपालको सम्बन्ध परापूर्वकालदेखि नै थियो । राजनैतिक एकीकरण भन्दा अघि नेपाल, तिब्बतका सीमाना यताउता भएको पाइन्छ । त्यस समयमा त्यहाँ बस्ने जातिहरूको सम्बन्ध, विवाह, एकअर्कासँग हुने गर्दथ्यो । सीमाना क्षेत्रमा त्यो प्रक्रिया वर्तमान समयमा कायम रहेको पाइन्छ र त्यस बेलामा पनि थियो । त्यसकारण जिरेलका पुर्खाहरू पनि किरातीहरू हुन सक्ने देखिन्छ ।

जिरीमा बस्ने जिरेलहरू अन्य जनजातिहरू शेर्पा, तामाङ, सुनुवारसँगै ठूलो ब्राह्मण र क्षेत्रीको समूहमा मिलेर बसेका छन् । मौखिक रूपमा परम्परामा तिनीहरूको वंशावली जातीय उत्पत्ति सम्बन्धमा विरोधाभास देखिन्छ । एउटा विवरणले जिरेलहरू करिब ८/१० पुस्ता अगाडि सुनुवार पुरुष र शेर्पा महिलाबाट जन्मिएका सन्तान हुन् भन्दछन् ( सिद्धिकी आदि, २००२) । तर जिरेलहरू यसलाई मान्न तयार छैनन् । जिरेलको आनुवांशिक अध्ययनले यो वंशलाई पुष्टि गर्दछ (वालेन्जेरो, सन् १९८७) । जनजातिका एक अध्यताले दिएको परिभाषा अनुसार जनजाति भनेको समान संस्कृति भएका जनसङ्ख्याहरूको एक स्वतन्त्र राजनीतिक विभाजन हो (लिन्टन, सन् १९३६) । उनको भनाइलाई हेर्दा पनि जिरेलहरू समान संस्कृति भएका स्वतन्त्र, आफ्नै अस्तित्व बोकेका, आफ्नै थरहरू भएका, भाषा बोलीचाली भएका जाति भएकाले यिनीहरू पनि जनजाति अन्तर्गत पर्दछन् । जिरेलका संस्कारलाई जिरेल भाषिक संस्कृति र विशेषताहरूले स्पष्ट देखाउँदछ । जिरेलहरूको भाषा छुट्टै छ जुन तिब्बती वर्मन भाषा समूहसँग मिल्दछ । भाषाविद्हरूले जिरेल र शेर्पा भाषामा केही समानता छ भनी उल्लेख गरेका छन् (सिड्कि र अन्य, २००२) ।

जिरीमा बसोबास गर्ने जिरेल थर भएका मानिसहरू कसरी जिरेल भए भनेर छुट्याउने ठोस आधारहरू भेटिएका छैनन् तर सदियौँदेखि यहाँ बस्ने जातिलाई जिरेल भनियो । यहाँका अनुभवी जेष्ठ नागरिकहरू जिरेलहरू हामी किरात वंशका एक साखा हौँ भन्दछन् (टेकबहादुर जिरेल, अन्तर्वार्ता, २०८१/११/१९) । किरातहरू जहाँबाट आएका हुन्, हामी जिरेलहरू पनि त्यहीँबाट आएका हौँ भन्ने जिरेल जातिको भनाइ पाइन्छ । किरातहरू भोट वर्मेली भाषा बोल्दछन् । त्यसै गरी जिरेलहरूको भाषा पनि भोट बर्मेली भाषासँग मेल खान्छ । त्यसकारण भाषागत आधारमा हामी किराती हौँ भन्ने जिरेलहरूको दावा रहेको पाइन्छ । यसै गरी शेर्पा भाषाका तिब्बती धार्मिक पुस्तकहरू 'लामा डोमा' मा केही सङ्ख्यात्मक जिरेल शब्दहरू रहेको पाइन्छ । त्यसै गरी शेर्पाहरूको जस्तै जिरेलहरूले बौद्ध धर्म पनि मान्दछन्, जिरेलहरू पितृवंशीय कुलहरू सुनुवार जाति जस्तै छन् (सिद्धिकी र अन्य, २००२) । यी कुराहरूलाई हेर्दा जिरेलका शब्दहरू, धर्म, पितृको वंश जनजातिका साझा विशेषताहरूसँग मेलखान जान्छ त्यसले पनि जिरेलहरू किरातीहरूको एक शाखा भएको मान्न सकिन्छ ।

जिरेलहरूको आफ्नो छुट्टै भाषा, संस्कार र केही भिन्न मौलिक विशेषताहरू छन् । त्यसले उनीहरूले आफ्नो छुट्टै पहिचान बनाएको देखिन्छ । पूर्वमध्यकालमा सिम्रौनगढ एक प्रसिद्ध राज्य थियो । चौधौँ शताब्दीमा त्यहाँ मुसलमानहरूले आक्रमण गरेपछि त्यहाँका राजा हरिसिंह देव आफ्ना सहयोगीहरूसँग पूर्वतर्फ लागे । त्यसरी भागेर उनीसँगै हिँडेका भारदार जनताहरू सिन्धुली, रामेछापहुँदै दोलखा आए । राजा हरिसिंह देवको दोलखामा आएपछि मृत्यु भयो । उनकी

रानी देवलदेवी आफ्नो माइती घर भक्तपुरमा आएर बसिन् (क्षेत्री र रायमाझी, २०६०)। त्यसरी राज्य गुमाएपछि हरिसिंह देवसँगै पहाडतिर लागेका मानिसहरू नै जिरेल, सुरेल, सुनुवार र हायुका पुर्खाहरू थिए (पौडेल, २०४४) । हरिसिंह देवसँग आएका पाँच दाजुभाइमध्ये रामेछाप आएपछि कान्छो भाइ हिँड्न नसकेर त्यहीँ बसोबास गरे । कस्तो हिँड्न नसक्ने हायु रहेछ भनेकाले उसका सन्तान हायु भएर रामेछापमा बसेका छन् । बाँकी अन्य चार दाजुभाइ त्यहाँबाट अझै पूर्वतर्फ लागे । त्यसरी अगाडि बढेकामध्ये कोही सुरीमा गएर बसे र सुरेल भए भने कोही जिरीको घना जङ्गलमा आएर बसे । त्यसरी जिरीमा गएर बसेका मानिसहरू जिरेल भए । तिनीहरुमध्ये एक भाइ रश्नालुमा गएर बसे तिनी सुनुवारहरू भए (कुमार जिरेल, अन्तर्वार्ता, २०८१ मघ २१) । यसरी जिरेलहरू हामीहरू किराती वंश हौँ भनी दावी गर्दछन् । यो भनाइसँग केही सहमत हुन सकिन्छ किनभने धेरै जिरेलका कुल देवताहरू सिर्मौनगढमा पूजा गरिने देवताहरूसँग मेल खान्छ । जिरेलहरूले धार्मिक अनुष्ठान गर्दा फोम्बो (झाक्री) मान्दछन् । पूजा गर्दा कुल देवता र वंशका आत्माहरूलाई मूल भूमि सिम्रौनगढबाट आउनु भनी पूजाको स्थानमा बस्न आग्रह गर्दछन् (कंशाकार र अन्य, सन् २०१३) । जिरेलहरूले परापूर्व कालदेखि झाक्री मान्दै आएका छन् । उनीहरूको सबै धार्मिक सस्कारहरु झाक्रीले गर्ने गर्दथे । वर्तमान समयसम्म आइपुग्दा झाक्री बन्ने सिद्ध मानिसहरू कम हुँदै गएका छन् र उनीहरूले बौद्ध लामाहरूलाई धार्मिक संस्कारसँगै मृत्यु संस्कारमा समेत लगाउने गर्दछन् ।

मानव विकास क्रमको एक कालखण्डमा मानिसहरू घुमन्ते जीवन बिताउँदै हिँडेको पाइन्छ । आफ्ना चाहना आवश्यकता पूरा गर्न आफू माथि समस्याहरू आइपदाए र आक्रमणहरू हुँदा मानिसहरू एक ठाउँ छाडेर अर्को ठाउँमा बसाइँसराई गर्ने प्रचलन प्राचीन कालदेखि चल्दै आएको पाइन्छ । त्यसै क्रममा मानिसहरूले बसाइँसराई गर्दा आफ्नो जायजेथा भूमि छाडेर गए पनि आफूसँगको धर्म र संस्कारहरू सँगै लिएर जान्छ (विष्ट, १९८७) । त्यो संस्कार र धर्म जिरेलहरूमा पनि विद्यमान रहेको पाइन्छ । उनीहरूले मान्ने झाँक्री परम्परा (फोम्वो), प्रकृति पूजा गर्ने प्रचलन आफ्नो जातमा विवाह गर्ने प्रचलन र यस्ता संस्कार जिरेलहरूमा वर्तमान समयसम्म पनि कायम रहेको पाइन्छ । जिरेल जातिका अगुवाहरूसँग भएका साक्षत्कारहरूमा थुरविडो, देवलिङ्गा, चुङ्गपते, थोङ्वा गोत्रका जिरेलहरूले हाम्रा पूर्वज अज्ञात किराती थिए भन्दछन् । तिनका सन्तानहरू बढ्दै गएर विभिन्न गोत्रमा विभाजित भयौँ, समय बित्दै जाँदा हामीहरू अन्तरविवाह गर्न सक्ने भयौँ भनी उल्लेख गरेको पाइन्छ (धनबहादुर जिरेल, अन्तर्वार्ता, २०८१/१०/१५) । यसका आधामरमा पनि जिरेलहरूको आफ्नै मौलिक सस्कार कायम रहेको पाइन्छ ।

जिरेल जातिका विभिन्न मूल थरहरू छन् : (१) ठुङ्ब्बा (२) देवलिङ्ग (३) थावो (४) देप्पा (५) सेर्वा (६) पाल्पाली (७) थुरविडो (८) गरासम्बा (९) च्याबा (१०) मयोक्पा (११) जुपुले (१२) छुङ्गपाते छन् भने वर्तमान सयमसम्म आइपुग्दा धेरै उपथरहरू पनि बनिसकेका छन् । जसमा (१) चावेठुङ्बा (२) चावे शेर्वा (३) चावे थावो (४) नेवारे (५) जुपुदे (६) रारेन्जे (७) तुङगुले (८) क्याम्वोले (९) गरचिगा (१०) तुम्पुले (११) उरबिदो (लिला जिरेल, अन्तर्वार्ता, २०८१/१/१०) । यस किसिमका जातिहरू भएका जिरेलहरूको पुर्खौली किरातहरू नै हुन सक्दछन् । किनभने यस किसिमको भाषा शब्दरू किराती सम्प्रदायमा मात्र भेटिएको पाइन्छ ।

जिरेल जातिको उत्पत्तिको सम्बन्धमा जिरेल समाजमा चलन चल्तिमा विभिन्न कुराहरू उल्लेख पाइन्छ । त्यसमध्ये एउटा अर्को भनाइ लामो समय अघि मुक्ति क्षेत्रका एक किराती राज परिवारमा युद्धमा पराजित भएपछि उनी तराइमा गएर बसे । त्यहाँ उसका १५ पुस्तासम्म बसे । यी किरात राजाका पुस्ताका पाँच कुमारहरू लाल सिंह, राम सिंह, मान सिंह, धन सिंह र सुर सिंह थिए । त्यहाँ मुसलमानको आक्रमण भयो । ती किरातीहरू भागेर काठमाडौँ भादगाउँका राजासँग आज्ञा लिएर काठमाडौं पूर्वका पहाडहरूमा बस्न गए । कान्छा सुर सिंह जिरीमा आएर बसे । उनी जिरेलका पुर्खा भए (सिद्धिकी आदि, २००२) भनिएको छ । अन्य दाजुभाइ रामेछाप, दोलखाका सिन्धुपाल्चोकका अन्य भागमा गएर त्यहीं आफ्नो जात गोत्र जिरेलहरूकै जसरी निर्माण गरी बसेको उल्लेख पाइन्छ । यसरी स्थान विशेष ठाउँमा गएर बसेपछि त्यही ठाउँको नामबाट जिरेलहरूको उत्पत्ति भएको देखिन्छ ।

जनजातिमा कुनै वर्ण व्यवस्था हुँदैन । यसलाई कुनै सामाजिक संरचनाले डोर्‍याएको हुँदैन र यो जाति प्रथाबाट नितान्त अलग हुन्छ (राई, सन् २०१३) । यस्ता जनजातिहरुमा स्थान विशेषका आधारमा उनीहरुको मौलिक भाषा, संस्कार आदि रहेको पाइन्छ । यिनीहरू निश्चित सीमानामा रहेका हुन्छन् र जनजातिहरू जहिले पनि आर्थिक दृष्टिबाट आफ्नो समाजमा आत्मनिर्भएर रहेका हुन्छन् । यी कुराहरूको अध्ययन गर्दा जिरेलहरू पनि उल्लेखित विशेषताहरू बोकेको हुँदा यिनिहरूलाई जनजाति भित्र राख्न सकिन्छ । यिनीहरूको आफ्नो भाषा, संस्कृति, गोत्रहरू सबै छन् मात्र उनीहरूका पुर्खाहरू को हुन्, कहाँबाट आए भन्ने कुराको ठोस प्रमाण जिरेलहरूमा छैन । त्यस बारेमा उनीहरू अन्जान भएको पाइन्छ ।

जिरेल समाजमा चलन चल्तिमा जिरेलको उत्पत्तिको बारेमा विभिन्न कथाहरू पनि उल्लेख पाइन्छ । त्यस मध्येको एक भनाइमा भाषागत आधारमा शब्दको अर्थ लगाउँदा 'जि' भनेको एकदमै डरलाग्दो र 'री' भनेको ठूलो जङ्गल हो । यसरी जि र री दुवै अक्षर मिलाउँदा जिरी भनेको ठूलो डरलाग्दो जङ्गल हो । यस्तो ठूलो जङ्गलमा बस्ने सुरवीर किरातहरू हुन् । त्यसकारण किरातको बसोबास भएको स्थान नै जिरी हो । जिरीमा बसोबास गर्ने जनजातिहरू जिरेलहरू हुन् (बुढाथापा र जिरेल, २०७८) । यसरी ठाउँ विशेषमा बसोबास गरेकाले यी किरातहरू जिरेल भएका रहेछन् भनी एउटा आधार तयार गर्न सकिन्छ । किनभने जिरेलका केही सन्तानहरू जिरीदेखि पूर्व सुरी भन्ने ठाउँमा बस्न गएका जिरेलहरूले आफूहरूलाई सुरेल भन्न थाले वा सुरेल जाति भनेर चिनाउन थाले तर आज आएर उनीहरूले आफ्नो छुट्टै पहिचानको खोजी गर्न थालेको पाइन्छ ।

जिरेल जातिको उत्पत्तिका सम्बन्धमा त्यस जातिका अगुवाहरूको भनाई समाजमा यस्तो पनि पाइन्छ कि आजभन्दा धेरै पुस्ता अगाडि रश्नालु (सुनुवारको बस्ती भएको ठाउँ) जुन रामेछाप जिल्लामा पर्दछ । त्यहाँबाट एक सुनुवार शिकारी युवक सिकार खेल्दै खिम्ति खोलाबाट माथि बढ्दै चेरदुङको अग्लो पहाडको घना जङ्गलमा आइपुगे । उनी त्यहाँबाट फर्कन सम्भव भएन । त्यही चेरदुङको चौरी गोठमा बसे । सिकार गर्दागर्दै सुनुवार शिकारी र त्यहाँ बस्ने शेर्पीनी केटीका बिचमा माया प्रेम बस्यो । शेर्पीनी केटी गर्भवती भइन् र १० महिनापछि छोरा जन्मियो । शेर्पीनिले सुनुवारलाई पर्खेर बस्दा पनि ऊ फर्केर आएन । आफ्नो सन्तान र आफूलाई शुद्ध गर्ने प्रचलन अनुसार गाईको दुध र

गहुँत छर्किएर शुद्ध गर्ने काम गरी छोराको नाम नैन्दरे भनी राखिदिइन् । यसरी जन्मेको बालक जिरीमा बस्यो । पछि उनका सन्तान फैलिदै गएर उनीहरु सबै जिरेल भनिन् थाले (कंशाकार र अन्य, सन् २०१३) । यस कुरालाई जिरेलहरू मान्दैनन् । यो कुरा गलत लेखियो भन्ने उनीहरूको जिरह छ । चेरदुङको तल्लो भेगमा शेर्पाहरूको बसोबास रहेको छ । यी शेर्पाहरूले चौरीगाई पाल्ने उनीहरूले चौरीको दुधबाट उत्पादित वस्तुहरू घ्यु, छुर्पी, सेरगेम आदि वस्तुहरू लिएर हाट डाँडामा व्यापार गर्न आउने र आफ्ना लागि चाहिने वस्तुहरू नुन, तरकारी, चामल किनेर लैजाने गरेका स्वयं लेखकहरूले आफ्नै अनुभवमा रहेको पाइन्छ । जिरेलहरू जिरीमा बसेर जिरेल भए अथवा जिरिमा बस्नेहरू जिरेल भए भन्ने कुरामा ऐतिहासिक दस्तावेज भेटाउन सकिँदैन भनेर स्वयं जिरेलहरू नै बताउने गरेको पाइन्छ । जिरेलहरू आफ्नो ऐतिहासिक खोजिको आवश्यकता भएको बताउँदछन् । जिरेलहरूमा हामी जिरेलहरूको एकात्मक आवाज नै छैन । हाम्रो पहिचान चाहियोभन्ने उनीहरूको माग रहेको छ ।

परापूर्व कालमा किराँती सम्प्रदायका मानिसहरू नेपालको पूर्व पहाडका विभिन्न स्थानहरूमा बसाइ सर्दै सर्दै आउने क्रममा सुन्दरवीर नामका किरातका माहिला छोरा जिरी र त्यस वरिपरिका क्षेत्रमा आएर बसे । त्यहीँको वनजङ्गल, खोलानालालाई आफ्नो कर्मभूमि बनाएर बसोबास गर्न लायक बनाएपछि पछि गएर यिनै किरातको सन्तान ठाउँ विशेषको नामले जिरीमा बसोबास गर्ने किरातीहरूलाई जिरेल भनेर चिनिन थाल्यो (टेकबहादुर जिरेलसँग, अन्तरवार्ता २०८१ फाल्गुण १९) । जिरेलहरू किरातीका सन्तान भएकाले किराती खार्सा (घर घडेरीलाई भनिन्छ) किराती थुर्सा (चिहान) नाम गरेका स्थानहरू जिरिमा छन् । यसै गरी जिरेलहरू किराती हुन् भन्ने मान्यता दिलाउने अर्को उदाहरण किराती धर्म अनुसार उनीहरू प्रकृतिको पूजा गर्दछन् । प्रकृतिको शक्तिशाली वस्तुहरू जल, पृथ्वी र अग्नी हुन् । जिरेलहरूले पनि यिनैलाई देवताको रूपमा पुज्ने गर्दछन् । यसरी किरातीहरूले पुज्ने देवता नै जिरेलहरूले पूजा गर्ने भएकाले यो भनाईलाई हेर्दा जिरेलहरू किरातका सन्तान हुन भन्न सकिन्छ । जिरेलहरूले आफ्नो कुल देवताको रूपमा 'च्येन छ्, योत्च्या', 'छ्, योमु छ्, योत्च्या', 'नाङ्गी ल्ह', 'चारमाने', 'भूमे' नामबाट प्रकृतिलाई पूजा गर्ने गर्दछन् (सुमन कृष्ण जिरेल, अन्तर्वार्ता, २०८१/१०/२१) । यस किसिमका देवताको पूजाहरू गरेको देख्दा जिरेलहरूलाई किरातका सन्तान हुन् भनी भन्न सकिन्छ । जिरेलहरूको बारेमा अध्ययन नगरी मेचीदेखि महाकाली भन्ने ग्रन्थमा जिरेल जातिको परिचय गलत दिएको, डोरबहादुर विष्टले बाबु सुनुवार र आमा शेर्पीनीको मठ्याहा सन्तान हुन् भन्ने कुरा गलत हो (जिरेल, २०५१) । जिरेलको जनक सुनुवार थिए भनेर पञ्चायत दर्पणमा छपाएको थियो । त्यसमा किरातको वंशावली विश्लेषणको उल्लेख पाइन्छ । त्यसमा सुर सिंहको माहिला भाइको सन्तान र सुनुवार चाहिँ साहिला भाइको सन्तान भन्ने उल्लेख पाइन्छ (जिरेल, २०५१) । यी विभिन्न कुराहरू कथाहरू जोडेर जिरेलको उत्पत्तिका सम्बन्धमा विरोधाभाष खडा गरिएको छ भन्ने जिरेल समुदायको भनाई पाइन्छ । जिरेलहरू हामी यही भूमिका किराँत कालदेखि बसोबास गर्दै आएका जनजाति हौँ भनी दावी गर्दछन् ।

**निष्कर्ष**

जिरेल जातिको उद्भवमा आधारित विश्लेषणबाट उनीहरू हिमाली मूलका जातीय समूह भएको प्रस्ट हुन्छ । यिनीहरूको सामाजिक र धार्मिक जीवनमा तिब्बती, बौद्ध र वोन परम्पराको गहिरो प्रभाव रहेको भेटिन्छ । जिरेल भाषा, रीतिथिति, संस्कार एवं सांस्कृतिक परम्पराहरू नै यिनीहरूको पहिचानका आधारहरू हुन् । जिरीको भौगोलिक अवस्था र स्थितिले गर्दा बढेको मानवीय आकर्षण एवं पर्यटकीय सम्भावना, अवस्थाको फलस्वरूप अन्य जातीय समुदायहरूसँग जिरेलहरूले अन्तर्क्रियाको अवसर पाए । त्यसबाट बाहिरी समाज एवं संसार जान्न, बुझ्न र पुग्न सकेका जिरेलहरू परिवर्तन र रूपान्तरणको बाटोमा लागि नवीनताको खोजी गर्न थालेका छन् । यसबाट एकातिर आफ्नो ऐतिहासिकता प्रमाणित गर्ने होडवाजी जस्तो बढेको छ भने अर्कोतिर आफ्नो मौलिकता गुमाउने सम्भावना देखिँदै छ । शिक्षाको विकास, आधुनिक परियोजना, पर्यटन एवं शहरीकरणको कारणले गर्दा आफ्नो जीवनशैलीमा परिवर्तन गर्न थालेका जिरेलहरूमा अझै पनि मौलिक संस्कृतिप्रतिको चेत भने कायम नै छ । उनीहरूको सामाजिक सांस्कृतिक अस्तित्वको जग मानिएको मौलिक संस्कृति जोगाउन ऐतिहासिक तथ्य बङ्ग्याउने प्रवृत्तिबाट टाढा रही जातीय पहिचान जोगाउनु आवश्यक देखिन्छ । जातीय उद्भवका सम्बन्धमा जिरेलहरू नै आपसमा एकमत हुन सकेका छैनन् । जिरेलहरूमा बढ्दो धर्म परिवर्तन, बसाइँसराइ आदिले प्रभाव पारेको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

उपाध्याय, श्रीरामप्रसाद (२०५५), *नेपालको समीक्षात्मक इतिहास,* साझा प्रकाशन ।

सिद्धिकी, एच., सुवेदी, जनार्दन, जेम्स, हेभिल र विलियमस्, बालेनजेरो (सन् २००२), *हाफ वै टु द माउन्टेन द जिरेल्स अफ इस्टर्न नेपाल.* सेन्टर फर नेपाल एण्ड एसियन स्टडिज ।

काफ्ले, डोलराज (सन् २०२३), इन्डिजेनस खस पिपल अफ नेपाल इन काइसिस्, *हिस्टोरिकल जर्नल, १४*(१), ३८-४८ ।

कंशाकार, तेज आर., ढकाल, दुविनन्द र सापकोटा, सुरेन (२०१३ सेप्टेम्बर), *अ सोसियोलिङ्ग्युष्टिक सर्भे अफ जिरेल,* सेन्टर डेभलोप्मेन्ट अफ लिङ्ग्युष्टिक ।

बुढाथापा, राधिका र जिरेल, सुरज (२०७८), जिरेल जातिका सामाजिक संस्कारहरू, प्रेमकुमार खत्री (सम्पा.). *नेपालका जातीय सामाजिक संस्कार (भाग सात),* नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, बद्रीनारायण (२०७६), प्राचीन नेपाली समाज : संरचना र विशेषताहरू, *हिस्टोरिकल जर्नल. ११*(१), ९२-१०६ ।

क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र (२०६०), *नेपालको इतिहास,* एसिया पब्लिकेशन्स ।

जिरेल, सुमन कृष्ण (२०५१), *नेपालका जिरेलहरू एक छोटो जानकारी,* शिलादेवी जिरेल ।

डवराल, शिवप्रसाद (२०२५),*उत्तराखण्डका इतिहास राजनैतिक तथा सांस्कृतिक इतिहास, (भाग २),* वीरगाथा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०५५). *खस जातिको इतिहास.* उदत्त प्रकाशन ।

पौडेल, भूपहरि (२०४४). नेपालका अल्पसङ्ख्यक र लोप हुन लागेका जाति हायु. *प्राचीन नेपाल.* १०१, पृ. १६-३४ ।

राई, रमेश (सन् २०१३). *आदिवासी जनजाति आन्दोलनमा राज्य संयन्त्रको सन्दर्भ.* एलायन्स फर सोसल डाएलग ।

लिन्टन, राल्फा (सन् १९३६). *द स्टडी अफ मेन.* एल्पेटन सेन्चुरी कम्पनी ।

विष्ट, डोरबहादुर (२०७२). *पिपुल्स अफ नेपाल.* रत्न पुस्तक भण्डार ।

शर्मा, बालचन्द्र (२०२२). *नेपालको ऐतिहासिक रूपरेखा.* कृष्णमुरारी देवी ।

शर्मा, सि.के. (सन् १९७३). *जियोलोजी अफ नेपाल.* मणिराम शर्मा ।

श्रेष्ठ, श्रीकृष्ण (२०६७). *सुरेल जातिको सामाजिक तथा आर्थिक अवस्था एक अध्ययन.* पैरवी प्रकाशन ।

सुवेदी, ओमप्रकाश (२०५६). *लौकुपश्चिमका लोकसंस्कृति तथा किरात सभ्यता.* परिजन सुवेदी ।